# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, पुस ३ गते २०५२ साल (संख्या ३५

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

#### राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, २०५२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन), आदेश, २०५२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति सम्झनुपर्छ ।

(ख) "प्रयोगशाला" भन्नाले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (नेशनल फरेन्सिक ल्याबोरेटरी) सम्झनुपर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले प्रयोगशालाको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न दफा ७ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस गठन आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठनः (१) राष्ट्रिय विधि विज्ञान प्रयोगशाला नामको एउटा समिति गठन हुनेछ ।

(२) समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन्ः–

(क) सचिव कानून तथा न्याय मन्त्रालय – अध्यक्ष

(ख) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), सर्वोच्च अदालत – सदस्य

(ग) प्रतिनिधि (रा.प. प्रथम श्रेणी) नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालय – सदस्य

(घ) प्रतिनिधि गृह मन्त्रालय – सदस्य

(ङ) स्वास्थ्य मन्त्रालयले तोकेको फरेन्सिक मेडिसिनसम्बन्धी विशेषज्ञ एकजना – सदस्य

(च) प्रतिनिधि, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठान – सदस्य

(छ) कार्यकारी निर्देशक – सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिले आवश्यकतानुसार स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार-लाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय-बमोजिम हुनेछः–

(क) प्रयोगशालाको विकास तथा विस्तारको सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ख) विधि विज्ञानसँग सम्बन्धित विभिन्न विषय वा क्षेत्रहरूमा अध्ययन, अनुसन्धान, परीक्षण तथा विश्लेषण गर्ने गराउने ।

(ग) न्याय सम्पादनको लागि कुनै पनि जीव, निर्जीव विषय वस्तु वा दशी वा भौतिक तथा रसायनिक चिजहरूको वैज्ञानिक परीक्षण गर्ने ।

(घ) प्रयोगशालाबाट गरिएका वैज्ञानिक तथा प्राविधिक परीक्षण एवं विश्लेषणका सम्बन्धमा कुनै निकायबाट राय माग भएमा सो दिने ।

(ङ) अदालतबाट माग भएका विवरण उपलब्ध गराउने वा कुनै विशेषज्ञ-लाई अदालतमा उपस्थित भई विशेषज्ञको बयान गर्न पठाउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४१०

(च) प्रयोगशालाबाट प्रदान गरिने वैज्ञानिक तथा प्राविधिक सेवाको उच्च गुणस्तर कायम राख्न आवश्यक कार्यविधि निर्धारण गर्ने ।

(छ) विधि विज्ञानसँग सम्बन्धित राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिहरूसँग सम्पर्क राखी प्रयोगशालाको विस्तार तथा सुदृढीकरणको लागि आवश्यक कार्य गर्ने ।

(ज) प्रयोगशालाको सेवा प्राप्त गर्ने सरकारी, अर्ध सरकारी तथा गैर सरकारी संस्थामा कार्यरत व्यक्तिहरूलाई विधि विज्ञान सम्बन्धमा आवश्यक तालिम दिने ।

(झ) प्रयोगशालाको लागि दक्ष जनशक्ति तयार गर्नको लागि कर्मचारीहरूलाई अध्ययन, तालिम, सेमिनार आदिमा भाग लिन पठाउने ।

(ञ) प्रयोगशालाबाट उपलब्ध गराइने विभिन्न सेवाको शुल्क निर्धारण गर्ने ।

(ट) समितिको वार्षिक बजेट तथा कार्यक्रम बनाउन लगाई स्वीकृत गर्ने ।

(ठ) प्रयोगशालामा भए गरेका कामहरूको प्रगतिको समीक्षा र मूल्याङ्कन गर्ने ।

(ड) श्री ५ को सरकारको स्वीकृति लिई विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिसँग ऋण वा अनुदान लिने ।

(ढ) समितिको लागि आवश्यक पर्ने कर्मचारीहरूको दरबन्दी स्वीकृत गर्ने र कर्मचारी नियुक्ति गर्ने ।

(ण) यस आदेशबमोजिम समितिको उद्देश्य पूर्तिको लागि अन्य काम गर्ने, गराउने ।

५. समितिको बैठकसम्बन्धी कार्यविधिः (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेका सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको बैठकमा उपस्थित सदस्यहरूको नाम, छलफलको विषय र निर्णयको व्यहोरा समेत छुट्टै पुस्तिकामा उल्लेख गरी राख्नुपर्नेछ ।

(६) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरिराख्नुपर्नेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. उपसमिति गठन गर्न सक्नेः (१) समितिले आफूले गर्नुपर्ने काम सुचारू रूपले गर्नका लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उपसमितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोकिदिएबमोजिम हुनेछ ।

७. कार्यकारी निर्देशकः (१) श्री ५ को सरकारले तोकिएको योग्यता पुगेको कुनै व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको अवधिको लागि श्री ५ को सरकारले श्री ५ को सरकारको वा कुनै सङ्गठित संस्थाको कुनै अधिकृत कर्मचारीलाई कार्यकारी निर्देशकको रूपमा काम गर्न तोक्न वा काजमा खटाउन सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त एवं सुविधा तोकिएबमोजिम हुनेछ र यसरी नतोकिएसम्म श्री ५ को सरकारले तोकिदिएबमोजिम हुनेछ ।

(४) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

८. कर्मचारीसम्बन्धी व्यवस्थाः (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठानको सेवामा पदाधिकार राखी सो अन्तर्गतको राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा कार्यरत कर्मचारीहरूमध्ये समितिको सेवामा रहन इच्छा नगर्ने बाहेक अरू सबै कर्मचारीहरू यो गठन आदेश लागू भएपछि स्वतः समितिको कर्मचारीहरू मानिनेछन् ।

(३) समितिका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त एवं सुविधा तोकिएबमोजिम हुनेछ ।

९. बैठक भत्ताः समितिका अध्यक्ष, सदस्य तथा सदस्य-सचिवले तोकिएबमोजिमको बैठक भत्ता पाउनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. समितिको कोषः (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट अनुदानको रूपमा प्राप्त रकम,

(ख) समितिले कुनै सेवा उपलब्ध गराए बापत प्राप्त सेवा शुल्क रकम,

(ग) अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा विदेशी सरकारबाट प्राप्त ऋण तथा अनुदानको रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिम प्राप्त रकम नेपाल अधिराज्यको कुनै बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(३) समितिको खाताको सञ्चालन तोकिएबमोजिम हुनेछ।

(४) समितिको तर्फबाट गरिने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

११. लेखा र लेखापरीक्षणः (१) समितिको आयव्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नुपर्नेछ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ।

(३) श्री ५ को सरकारले समितिको हिसाब, किताब र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ।

१२. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार समितिको अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, दफा ६ बमोजिम गठित उपसमिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१३. निर्देशन दिन सक्ने : श्री ५ को सरकारले प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१४. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा कानून तथा न्याय मन्त्रालय मार्फत राख्नुपर्नेछ।

१५. समितिको कार्यालयः समितिको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र समितिले आवश्यकतानुसार अन्य स्थानमा पनि शाखा कार्यालयहरू स्थापना गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४९३

१६. नियम बनाउने अधिकारः समितिले यस आदेशको उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरू लागू हुनेछन् ।

१७. बचाउः (१) यो आदेश लागू हुँदाको बखत नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठान अन्तर्गत स्थापना भइरहेको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको नाममा रहेको वा प्रयोगशालाले प्रयोग गरिरहेको चल, अचल सबै सम्पत्ति समितिमा हस्तान्तरण भएको मानिनेछ ।

तर नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको नाममा रही हाल कायम रहेको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले कुनै चल अचल सम्पत्ति प्रयोग गरेको भए त्यस्तो सम्पत्ति उक्त प्रतिष्ठानको सहमति लिएर मात्र प्रयोगशालाको नाममा हस्तान्तरण हुनेछ ।

(२) यो आदेश लागू हुन अघि राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट भए गरेको काम कारबाही यस समितिबाट भए गरेको मानिनेछ ।

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५४
मुद्रण विभाग, सिंहदरबार

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

उद्योग मन्त्रालयका सचिव श्री भोलानाथ चालिसे मिति २०५२।८।१२ देखि अल्पविकसित राष्ट्रहरूको तेस्रो मन्त्रीस्तरीय सम्मेलन तथा युनिडोको छैठौं महासभामा भाग लिन अष्ट्रियाको भियनातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रामानन्द मिश्रलाई मिति २०५२।८।१३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५२।७।१६ को निर्णयानुसार यस सचिवालयका शाखा अधिकृत श्री लक्ष्मीनारायण ताम्राकारको सेवा अवधि मिति २०५२।८।५ मा ३० वर्ष पूरा हुने भएकोले मिति २०५२।८।६ बाट निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम दुई वर्षको सेवा अवधि थप गरिएको छ ।

आज्ञाले,
डा. रबीन्द्रकुमार शाक्य
सदस्य-सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४९५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९८